# डुडुवा गाउँपालिका

## नवौ गाउँसभा

## नीति तथा कार्यक्रम  र बजेट

"विकास सम्वृद्धि र सुशासन,डुडुवा गाउँपालिकाको अभियान"

डुडुवा गाउँपालिकाको नवौ गाउँसभामा प्रस्तुत
आ.व. २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम र बजेट
असार १०, २०७८

सम्मानित गाउँसभाका उपाध्यक्ष ज्यू ।
गाउँसभाका सदस्य ज्यू हरु ।
गाउँसभाका सचिव ज्यू ।
आमन्त्रित पर्यवेक्षक एवं सल्लाहकार ज्यूहरु ।
एवं उपस्थित सम्पूर्ण अतिथि, कर्मचारी, पत्रकार एवं सुरक्षाकर्मी मित्रहरु ।
सम्मानित यस नवौ गाउँसभामा यहाँहरुको गरिमामय उपस्थितीको लागि धन्यवाद ज्ञापनसहित हार्दिक स्वागत गर्दछु ।

कोरोना महामारीको यस विषम परिस्थितीमा लक डाउनको नियम समेत परिपालना गरेर मैले यस डुडुवा गाउँपालिकाको नवौ गाउँसभामा आगामी आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम र बजेट हजुरहरुसमक्ष प्रस्तुत गर्न पाउँदा जनसेवक जनप्रतिनिधिको हैसियतले अत्यन्त गौरवान्वित महसुस गरेको छु ।

नेपालको विभिन्न लोकतान्त्रिक आन्दोलनमा र नेपालको स्वाधिनता र भौगोलिक अखण्डता रक्षाको लागी आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान शहीदहरुप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु ।

जनताको अविरल संघर्ष र  बलिदानीबाट प्राप्त संघियता र लोकतान्त्रिक व्यवस्थाका उपलब्धी र सेवाहरुलाई आम जनताको घरदैलो सम्म सहज, सरल र गुणस्तरीय रुपमा पुर्‍याउनका लागी तपाई हामीलाई जनताले महत्वपूर्ण जिम्मेवारी र विश्वास सहित अमूल्य मत दिई यस डुडुवा गाउँसरकारको प्रतिनिधिको रुपमा डुडुवाबासी दाजुभाई दिदीबहिनीहरुले पठाउनु भएको छ ।

जनताका ईच्छा र आकांक्षा पुरा गर्नु, जनजीविकाका यावत समस्या समधान गर्ने, जनताले हामीप्रति गरेको विश्वास, आशा र भरोसालाई अक्षुण राखी जनसेवकको रुपमा काम गर्ने संकल्प सहित यस सम्मानित गाउँसभा मार्फत दृढ जनप्रतिज्ञा सहितको जनविश्वास समेत मेरा मालिक डुडुवावासीमा समेत पुनः अभिव्यक्त गर्न चाहन्छु ।

जनता समक्ष गरेका वाचा र संकल्पहरुलाई पुरा गरी डुडुवावासीको अनुहारमा खुशी ल्याउने तथा जनजीवीकालाई सम्वृद्ध बनाउने कुरालाई मैले आफ्नो प्रमुख कर्तव्य र दायित्व ठानेको छु ।

सो दायित्वलाई बोध गरी मैले आफुलाई म निर्वाचित भएदेखि नै अहोरात्र जनताको सेवकको रुपमा सेवा गर्ने मौका पाउँदा अत्यन्त खुशीको अनुभूती गरेको छु । कानूनको परिधी र सीमित स्रोत साधन र जनशक्तिको अधिकतम र अतिउत्तम परिचालन गरी अधिकत्तम जनसेवा, जनविकास र जनजीविकाका यावत समस्या सम्बोधन गरी शिक्षा, स्वास्थ्य, कृषि पशु, सामाजिक सुरक्षा लगायतका सेवाहरुलाई सहज सरल र गुणस्तरीय रुपमा जनताको घरदैलोमै प्रवाह गर्ने सु–प्रवन्ध गर्न पाउँदा र जनताको सेवामा २४ सै घण्टा आफ्नो उर्जा, शक्ति

र समय दिन पाउँदा जस्तो सुकै कठिन अवस्थामा समेत आफूलाई निकै आत्मसन्तुष्टिको अनुभुति गरेको छु ।

घर दैलो मै सेवा प्रवाह गरी डुडुवावासी लाई खुशी र सुखी बनाउन आफ्नो अमूल्य ज्ञान, समय र उर्जा दिनुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी, शिक्षक, वुद्धिजिवी, स्वास्थ्यकर्मी, ईन्जिनियर, पत्रकार र नागरिक समाजका प्रतिनिधि र सुरक्षाकर्मीहरु प्रति समेत विशेष आभार प्रकट गर्दै डुडुवा गाउँपालिकाले लिएको नीति अनुरुप जनसेवामा यहाँहरुको आगामी समयमा थप योगदानको समेत अपेक्षा राख्दछु ।

अब म आगामी आ.व. २०७८।०७९ को यस गाउँपालिकाका महत्वपूर्ण नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहान्छु ।

## नीति तथा कार्यक्रम

1. कोभिड–१९ महामारी नियन्त्रणको लागी कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।
2. डुडुवा –४ शाहपूर्वामा गाउँपालिका स्तरीय १५ शैय्याको अस्पताल निर्माण र स्वास्थ्य संस्थामा प्रयोगशाला लगायतका अन्य सेवा विस्तार गरिनेछ ।
3. स्वास्थ्य नीति तर्जुमा तथा आधारभूत स्वास्थ्य सेवा ऐन तर्जुमा गरी जनताको आधारभूत स्वास्थ्य सेवा निशुःल्क पाउने संवैधानिक अधिकारको पूर्णतया कार्यान्वयन गरिनेछ ।

4. रक्तदान कार्यक्रम, सरसफाई कार्यक्रम, स्वास्थ्य सचेतना कार्यक्रम , परिवार नियोजन, मातृशिशु सेवा, प्रजनन स्वास्थ्य लगायतका आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी कार्यक्रम गाउँपालिका भरी संचालन गरी थप जनशक्ति मार्फत गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गरिनेछ ।
5. सबै टोल वस्तीहरुमा फोहर मैला व्यवस्थापन गरी प्लास्टिकजन्य फोहर मैलालाई समेत उचित व्यवस्थापन गरिने छ ।
6. बालमैत्री तथा अशक्त मैत्री गाउँपालिका, वातावरण मैत्री गाउँपालिका, धुँवा रहित गाउँपालिका, पूर्ण खोपयूक्त गाउँपालिका, पूर्ण साक्षर गाउँपालिका र खुल्ला दिशा मुक्त गाउँपालिका जस्ता अभियानलाई दीगो र स्थायी बनाउने क्रियाकलाप संचालन गरिने छ ।
7. बेतहनी स्वास्थ्य चौकीमा चिकित्सक सहितको ईमरजेन्सी स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।
8. खानेपानीबाट वञ्चित बस्तीहरुमा स्वच्छ खानेपानी उपलब्ध गराउन वडा न. ५ र वडा नं २ मा संघिय सरकारको सहयोगमा वृहत खानेपानी आयोजना संचालन गरीनेछ । साथै खानेपानी धारा वितरण कार्यक्रमलाई समेत निरन्तरता दिईनेछ ।
9. सहकारी ऐन/नियम बमोजिम सहकारी संस्था स्थापना, नियमन र क्षमता विकासमा जोड दिइनेछ ।
10. प्रादेशीक सरकार र संघीय सरकार तथा गैर–सरकारी संस्था समेतको समन्वयमा सहकारी क्षेत्रमा लगानी र अनुदानमा वृद्धि

गरी सहकारी क्षेत्रको प्रवर्द्धन र विकास गरिनेछ । कृषि सहकारी, महिला सहकारी र बचत तथा ऋण सहकारी उपभोक्ता सहकारी स्थापना र विकासमा विशेष जोड दिईनेछ ।

11. सहकारी संस्था मार्फत अनुदानमा विउविजन कृषि यन्त्र, रासायनिक मल वितरणमा प्राथमिकता दिईनेछ ।
12. नेपाल सरकारको नीति अनुरुप सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग प्रणाली मार्फत बैंक सँग समन्वय गरी सहजरुपमा वितरण गर्ने प्रणालीको विकास गरिनेछ ।
13. 'ग' र 'घ' वर्गका अशक्तहरुलाई चौमासिक रुपमा दिईदै आएको भत्तालाई निरन्तरता दिईनेछ ।
14. जन्म दर्ता, मृत्यू दर्ता, विवाह दर्ता, बसाईसराइ दर्ता र सम्बन्ध बिच्छेद दर्ता जस्ता व्यक्तिगत घटना दर्ता प्रमाण पत्र घर–घरमा गई वितरण गरिनेछ । साथै सामाजिक सुरुक्षा र व्यक्तिगत घटना दर्ता अभिलेखहरु पूर्णातयाः डिजिटलाइजेसन गरिनेछ ।
15. स्थानिय विवादको निरुपण गरी जनतामा न्यायको अनुभूति दिलाउन स्थानीय न्यायीक समितीको क्षमता विकास गरी मेलमिलाप मार्फत विवाद  ब्यवस्थापन गरी शान्ति कायम गर्ने कुरामा जोड दिइनेछ ।
16. स्थानीय स्तरमा शान्ति कायम गर्न, सार्वजनिक संपित्त, भवन र जग्गाको सुरक्षा प्रदान गर्ने, तथा गाउँपालिका र न्यायिक समितीको निर्णय कार्यान्वयन गर्न, सरसफाई तथा फोहोर मैला व्यवस्थापन गर्न र अनधिकृत रूपमा गरेका सार्वजनिक तथा

सरकारी जग्गा र सम्पत्तिको अतिक्रमण नियन्त्रण गर्न आवश्यक नगर प्रहरीको व्यवस्थापनको लागी नगर प्रहरी ऐन तर्जुमा गरी आवश्यक जनशक्ति र बजेटको व्यवस्थापन गरिनेछ ।

17. कन्या मुद्दती शिक्षा योजना, विद्यालय छात्रवृत्ति, निशुल्क पाठ्य पुस्तक स्यानिटरी प्याड वितरण लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिईएको छ ।
18. स्वीकृत शिक्षा ऐन, शिक्षा नियमावली र मापदण्ड भित्र रही आधारभूत शिक्षा, अभिभावक शिक्षा, निरन्तर तथा सामुदायिक सिकाई र अनौपचारिक शिक्षा मार्फत निरक्षरता उन्मूलनका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
19. गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक समितिको सक्रियता र क्षमता वृद्धि गरी शैक्षिक योजना र नीति कार्यान्वयन र अनुगमन मूल्यांकनमा जोड दिएर गुणस्तरीय शिक्षा पाउने डुडुवाका सबै बालबालिकाको नैसर्गिक हकको कार्यान्वयन गरीनेछ ।
20. स्थानीय पुस्ताकालय, वाचनालय, विज्ञान प्रयोगशाला र सामुदायिक सिकाई केन्द्रको स्थापना मार्फत स्थानीय ज्ञान, सीप र प्रविधिको संरक्षणमा जोड दिइनेछ ।
21. संस्कृति भाषा, अवधी भाषा र उर्दु भाषाको संरक्षण र संवर्द्धनको लागि मातृभाषाका गुरु/शिक्षक/सहजकर्ता नियुक्ति गरी मातृभाषाको संरक्षणमा जोड दिईनेछ ।

22. शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम–गोष्ठी, कार्यशाला र बैठक आदीको व्यवस्थापन गरिनेछ ।
23. अतिरिक्त क्रियाकलापमा जोड, प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिई ट्युसन, कोचिङ्ग मार्फत विद्यार्थीको शिक्षण सिकाई अभिवृद्धि गर्दै लगीनेछ ।
24. गाउँपालिकाका हरेक वडामा कम्तिमा एकवटा माध्यमिक विद्यालय स्थापना गरीनेछ ।
25. यस गाउँपालिकामा अध्ययनरत प्राविधिक जन शक्तिको ज्ञानको उपयोगको लागि गाउँपालिकाको कार्यक्रममा सहयोग पुग्ने गरि ओ.जे.टी र स्वयंसेवक तथा कर्मचारी परिचालन गरी घरघरमा सेवा प्रवाह गरीनेछ ।
26. गुणस्तरीय शिक्षामा जोड दिईने छ । प्राविधिक र व्यावसायिक विद्यालयको स्थापना मार्फत डुडुवा गाउँवासीको रोजगारीमा वृद्धि गरिने छ ।
27. महामारीको यस संकटकालिन अवस्थामा सार्वजनिक विद्यालयमा वैकल्पीक तथा दुर शिक्षाका माध्यमबाट सिकाई क्रियाकलाप अगाडी बढाईनेछ ।
28. बालिकाहरुको शिक्षा पाउने हकको सुनिश्चिता र बाल विवाह न्युनीकरणको लागी कन्या मुद्दती शिक्षा योजनालाई थप प्रभावकारी र सहभागीतामा वृद्धि गरिनेछ ।

29. एस.ई.ई उत्तीर्ण डुडुवा गाउँपालिकाका सबै छात्राहरुलाई प्रति छात्रा एउटा साइकल प्रदान गरी थप अध्ययनको लागि प्रोत्साहित गरिनेछ ।
30. पर्यटकीय गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
31. राप्ती नदिको किनारमा रु ५ करोडको लगानीमा भगवान शिवको प्रतिमा सहितको उद्यान निर्माण गरी धार्मिक तथा पर्यापर्यटन क्षेत्रको विकास गरी आन्तरीक आम्दानीको वृद्धि र स्थानीय रोजगारीको सृजना गरिनेछ ।
32. पिकनिक स्पटको निर्माण, बाल उद्यानको स्थापना, तलाउ तथा पोखरीको संरक्षण, राप्ती नदी र डुडुवा खोलामा डुंगा तथा ¥याफ्टिङ्ग संचालन तथा प्राचिन मठ, मन्दिर, गुम्वा, चर्च ,मस्जिद एवं गुरुद्वाराहरुको संरक्षण , मर्मत संभार तथा पुर्ननिर्माण गरी पर्यटकीय क्षेत्रहरुका विकासमा आवश्यक बजेटको व्यवस्था गरीनेछ ।
33. राप्ती नदी किनारमा स्नानाघाट र आर्यघाट व्यवस्थित रूपमा संचालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गरीनेछ ।
34. उद्ममशीलताको विकास गर्न लघु उद्मम कार्यक्रम क्रमश सवै वडाहरुमा लागु गरिनेछ ।
35. वेरोजगार युवाहरूका लागी काममा आधारित योजना बनाई रोजगारी उपलब्ध गराईनेछ ।
36. सबै खाले धार्मीक सम्प्रदायका साँस्कृतिक कार्यक्रम संचालनका लागी आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

37. सबै वडाका प्राकृतिक तथा धार्मिक स्थानलाई संरक्षण गरी पर्यटन विकासमा जोड दिईने छ ।
38. प्रत्येक वडामा रहेका धार्मिक स्थल, पर्यटकीय स्थल पहिचान गरी व्यवस्थित गरिनेछ ।
39. यस गाउँपालिकाका १ देखि ६ नं. का वडाहरुमा क्रमशः सडक विस्तार र स्तरोन्नती गरिने छ ।
40. सडक निर्माण गर्दा वृक्षारोपण गर्ने नीति लागु गरिने छ र भूकम्प प्रतिरोधी घर निर्माणको लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
41. गैसस, प्रदेश र संघिय कार्यालय , सहकारी र सामुदायिक वनको साझेदारीमा आयआर्जन मुलक तालिम र लघुउद्यम विकासमा जोड दिइने छ ।
42. महिला लक्षित कार्यक्रमहरु संचालन गरी महिलाहरुको कार्यबोझ कम गर्न महिला ससक्तीकरणमा जोड दिईने छ ।
43. आवधिक योजना, क्षेत्रगत योजना, रणनीतिक योजना र गुरु योजना निर्माण मार्फत गाउँपालिकाको समग्र विकासमा जोड दिईने छ ।
44. साझेदारी मार्फत कृषि उत्पादन, पशु तथा ब्यावसायीक खेति प्रवर्द्धन र उत्पादनमा जोड दिईने छ ।
45. लैंगीक विभेद तथा जातीय छुवाछुत हटाउन विषेश खालका कार्यक्रम संचालन गरिनेछ ।

46. लक्षित समुहको सशक्तिकरण अन्तर्गत महिला, बालबालिका, दलित, अल्पसंख्यक, असक्त, एकल महिला, जेष्ठ नागरीक र पिछडिएको वर्गको लागि विशेष कार्यक्रमहरु संचालन गरिने छ ।

47. डुडुवा गाउँपालिकाका ६० वर्ष माथिका जेष्ठ नागरिक, दलित जेष्ठ, एकल तथा विधुवा महिला र अशक्त नागरिकहरुलाई रु १००० नगद र सम्मान पत्र सहित सम्मानित गरिनेछ ।

48. यस गाउँपालिका अन्तर्गत सम्पूर्ण होटल व्यवसायी र पसलहरु तथा सहकारी संस्थाहरुलाई गाउँपालिकामा आवद्ध गरी संचालन प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

49. “गैसस संचालन तथा परिचालन कार्यविधि” मार्फत गैससको परीचालन, समन्वय र नियमन गरिनेछ ।

50. कानूनको तर्जुमा गरी टोलविकास संस्थाको गठन गर्नुका साथै कृषि समूह, पशु समूह, आमा समूह र सचेतना समूह लगायतका समूहहरुको परिचालन गरी सामूदायिक र सहभागितामूलक विकासमा जोड दिईनेछ ।

51. आन्तरिक नियन्त्रण कार्यविधि र सुपरीवेक्षण कार्यविधि तर्जुमा गरी प्रशासनिक व्यवस्थापन, वित्तीय अनुशासन र योजनाको गुणस्तर कायममा टेवा पुर्याइनेछ । साथै अनुगमन मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउन बाह्य अनुगमन, एकीकृत अनुगमन र ३६० डिग्री मूल्यांकन प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।

52. सार्वजनिक सुनुवाई विद्युतीय शासन, सामाजिक परिक्षण र सुचना प्रविधिको प्रयोग तथा सुसासन ऐन र सूचनाको हकको पुर्ण कार्यान्वयन  मार्फत सुशासन प्रवर्द्धनमा जोड दिईने छ ।

53. सार्वजनिक नीजि साझेदारी नीति अनुरुप विकास निर्माण गर्दा नीजि क्षेत्र संग सहकार्य गरिने छ ।

54. घरघरमा डुडुवा सरकारको अवधारणा कार्यान्वयन गर्न घर घर स्वास्थ्य कार्यक्रम, जेष्ठ नागरीकसँग गाउँपालिका अध्यक्ष कार्यक्रम, घरघर पशुसेवा कार्यक्रम, वडा वडामा प्रयोगाशाला सुविधा, टोलटोलमा घटनादर्ता अभियान र मालपोत संकलन अभियानलाई निरन्तरता दिईनेछ ।

55. सीमा सुरक्षा तथा नागरिक सुरक्षाको लागी तथा सीमानामा हुने तस्करी तथा अवैध चोरी निकासीलाई सुरक्षा निकाय, प्रदेश सरकार र संघिय सरकारसँग आवश्यक समन्वय र सहकार्य गरी नियन्त्रण गरिनेछ ।

56. गाउँपालिकामा स्थापित एफ.एम को पूर्ण संचालन गरी एफ.एम. मार्फत विभिन्न सचेतनामूलक कार्यक्रम □ जानकारीमूलक कार्यक्रम संचालन गरिनेछ ।

57. सहकारी, शिक्षा, स्वास्थ्य लगायतका स्थानीय सरकारका कार्यसूचिहरुको व्यवस्थित कार्यान्वयन गर्न ऐन, नियम कार्यविधि र मापदण्ड निर्माण गरी अधिकारहरुको कार्यान्वयन गरिनेछ ।

58. गाउँपालिकामा  ग्राम उद्योग स्थापनाको लागि आवश्यक सम्भाव्यता अध्ययन गरी उद्योग स्थापनाको लागी पहल गरिनेछ ।
59. अन्तर गाउँपालिका जोड्ने सडक निर्माणका लागि प्राथमिकता तोकी प्रदेश र संघिय सरकारसँग आवश्यक बजेट माग गरिनेछ ।
60. गाउँपालिकाको र ५ नं वडाको प्रशासनिक भवन निर्माण सम्पन्न गरी गाउँपालिका र वडाबाट प्रदान गर्ने सेवा प्रवाहलाई सहज, सूचनाप्रविधिमैत्री, अशक्तमैत्री र सेवाग्राहीमैत्री बनाईनेछ ।
61. उपयुक्त स्थानमा एक रंगशाला निर्माणको लागी आवश्यक जग्गा व्यवस्थापन र डिपीआर गरी प्रदेश र केन्द्र सरकारसँग आवश्यक बजेटको व्यवस्थापनको लागी पहल गरीनेछ ।
62. अब्यवस्थित तथा जोखिमयुक्त बस्तीलाई व्यवस्थित रुपमा ब्यबस्थापन गर्न अव्यवस्थित बसोवास व्यवस्थापन सम्बन्धी स्वीकृत कार्यविधिबमोजिम बस्ती विकास र जग्गाको वैज्ञानिक व्यवस्थापन गरिनेछ ।
63. बाढी, पहिरो र डुवानको उच्च जोखिममा रहेको वस्तीहरुमा तटबन्धनको व्यवस्था गरिनेछ ।
64. दीगो र वातावरण मैत्री विकास योजना कार्यान्वयन गर्न ठूला र दीर्घकालिन आयोजनाको प्रारम्भीक वातावरणीय परीक्षण र प्रभाव मूल्यांकन गरेर कार्यान्वयन गरिनेछ ।
65. सीपमूलक तथा व्यावसायीक तालिममार्फत सीपयुक्त तथा दक्ष जनशक्ति निर्माणमा जोड दिईनेछ ।

66. यस गाउँपालिकाको वडा नं २ को  कैरातीपुरवामा निर्माण सम्पन्न १ मेट्रीक टन प्रति घन्टा क्षमताको वीउ प्रशोधन केन्द्रको  पुर्णतया संचालन गरी आम कृषकहरुको वीउ संकलन, प्रसोधन र भन्डारण गरी वीउमा आत्मनिर्भता र व्यावसायीकरण मार्फत किसानहरुको रोजगारी र आयआर्जनमा वृद्धि गरिनेछ ।

67. तरकारी  खेती, व्यावसायीक पशुपालन र लघु उद्योगमा जोड दिइने छ ।

68. डुडुवा गाउँपालिक वडा नं –६ महाउत टोलमा ६०० मे .ट. क्षमताको कोल्ड स्टोर निर्माण गरी किसानहरुको आलु विउ भण्डारण र तरकारी तथा फलफूल भण्डारण आत्मनिर्भरमा बनाईनेछ ।

69. डुडुवा गाउँपालिकाको खाद्य सुरक्षा कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

70. कृषि उत्पादनलाई व्यावसायमुलक बनाउन निश्चित बजेट विनियोजन गरी प्रदेश सरकारको समेत सहभागितामा कृषि क्षेत्रमा क्रियाशिल सहकारी र समुहहरु सँग साझेदारी गरी कृषि उत्पादनलाई वृद्धि गर्न जोड दिइनेछ । एक गाउँ एक उत्पादनमा जोड दिईनेछ ।

सम्मानित गाउँसभाका सदस्य ज्युहरु

हामी निर्वाचित भै जनसेवामा लागेको ४ वर्ष पूरा भैसकेको यस सुअवसरमा तपाई हाम्रो साझा प्रयासले हामीले हासिल गरेका उपलब्धि र प्रगतिलाई यस नवौ गाउँसभा र सम्मानित गाउँसभाका सदस्य ज्यूहरु मार्फत आम डुडुवा बासी समक्ष निम्नानुसार बुँदागत रुपमा उल्लेख गर्न चाहन्छु ।

अब म अव आगामी आव २०७८/२०७९ को बजेट  तथा कार्यक्रम, सोको लक्ष्य, उद्‌देश्य, प्राथमिकता र आधारहरु तपाँईहरु समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

**क) लक्ष्य**

1. स्थानीय सरकार, सहकारी क्षेत्र, सामूदायिक  क्षेत्र र निजी क्षेत्रको सहकार्यमा डुडुवाको सर्वाङ्गीण र बहुआयामीक विकास गरी डुडुवाको गरिबी, अशिक्षा र पछौटेपन हटाई डुडुवावासीको जनजीवन सहज सरल र गुणस्तरीय बनाउन सहयोग गर्ने ।

**ख) उद्‌देश्यहरु**

1. जनस्वास्थ्य र पशु स्वास्थ्य लगायतका किसानमैत्री सेवाहरु सहजरुपमा जनताको घरदैलोमै उपलब्ध गराउने ।
2. कोभिड–१९ लगायतका महामारी र विपद व्यवस्थापन हुने गरी योजना तर्जुमा र कार्यान्यवन गर्ने ।
3. लक्षित समूह विकास कार्यक्रम मार्फत गाउँपालिकामा समावेशी नीतिको कार्यान्वयन गर्ने ।
4. कृषि विकास, भौतिक पूर्वाधार र पर्यटन विकासमा जोड दिने
5. रोजगारमूलक, आयआर्जनमूलक र उद्‌यमशील कार्यक्रम मार्फत बेरोजगारी र गरिबी न्यूनिकरणमा टेवा पुर्याउने ।
6. गुणस्तरीय र व्यावसायीक शिक्षा मार्फत ज्ञान, सीप, कला र संस्कृतिको संरक्षणका साथै दक्ष जनशक्तिको उत्पादन गर्ने ।
7. सरकारी, सहकारी र नीजि क्षेत्रको सहकार्यमा स्थानीय विकासलाई दीगो र प्रभावकारी बनाउन साझेदारी विकासमा जोड दिने ।

**ग) प्राथमिकता**

1. पूर्वाधार विकास
2. सामाजिक विकास
3. संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह
4. आर्थिक विकास ।
5. वन, वातावरण तथा विपद व्यवस्थपान
6. कोभिड–१९ महामारी रोकथाम तथा नियन्त्रण ।
7. लक्षित समूह विकास कार्यक्रममा ।
8. जनसहभागिताहरु गर्ने सीपमूलक र स्वरोजगार मूलक कार्यक्रम ।
9. शिक्षा, स्वास्थ्य, कृषि र पशु सेवामा उच्च प्राथमिकता ।
10. दीगो तथा वातावरण मैत्री जनविकास ।
11. घुम्ती सेवा, सार्वजनिक सुनुवाई र गुनासो सुनुवाईका कार्यक्रमहरु ।
12. बस्ती तथा जग्गा व्यवस्थापन ।
13. लघु उद्यम, महिला विकास र समूह विकास ।
14. सहकारी मार्फत रोजगारी एवं वचत तथा साझेदारी विकास ।

**घ) आधारहरुः**

1. डुडुवा गाउँवासीको चाहना, खुशी र बृहत्तर हित ।
2. नेपालको संविधान २०७२ का निर्देशक सिद्धान्त र नीतिहरु ।
3. नेपाल सरकार र प्रादेशिक सरकारबाट प्राप्त मार्गदर्शन र बजेट सीमा ।

4. विज्ञ, सल्लाहकारको सल्लाह र सुझाव ।
5. स्थानीय सरकार सञ्चालन ऐन २०७४ ।
6. कार्य सञ्चालन र कार्यविजान नियमावली २०७४ ।
7. श्रोत अनुमान समिति र राजश्व परामर्श समितीको प्राथमिकता, नीति र बजेट सीमा ।
8. वडास्तरबाट छनौट भएका योजना ।
9. विषयगत समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णय/सल्लाह र सुझाव ।

माथि उल्लेखित नीति कार्यान्वय गर्न एवं लक्ष्य र उद्देश्य हासिल गर्न आगामी आ.व. २०७८/०७९ को लागि मैले निम्नानुसार प्रस्तावित आय–व्यय र बजेट पेश गर्ने अनुमती चाहान्छु ।

**आदरणीय उपस्थित महानुभावहरु**

अन्तमा, आफ्नो अमूल्य समय दिई नवौं गाउँसभामा उपस्थित हुनु भएका सबै सदस्यज्यूहरु तथा हाम्रो गाउँ सभालाई व्यवस्थित रुपमा सञ्चालन गर्न सहयोग गर्नु हुने पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारीहरु, कानूनी सल्लाहकार लगायत सम्पूर्ण महानुभावहरुलाई म डुडुवा गाउँपालिकाको तर्फबाट पुनः विषेश धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु ।

गाउँ कार्यपालिकाको बैठकमा नियमित रुपमा उपस्थित भई नेपाल सरकारको मार्गदर्शन अनुसार गाउँ विकास योजना तर्जुमा, नीति तथा कार्यक्रम, बजेट, विधेयकहरुको मस्यौदा र कार्यविधिहरु तयार गर्ने महत्वपूर्ण योगदान गर्नुहुने विषयगत समितिका संयोजक एवं सदस्यसहित गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्य ज्यूहरु, वडाध्यक्ष ज्यूहरु, अन्य सम्पूर्ण पदाधिकारी, तथा गाउँपालिका कर्मचारीहरु लगायत सम्पूर्ण डुडुवा गाउँपालिकावासीमा हार्दिक धन्यवाद एवं आभार प्रकट गर्न चाहन्छु ।

अन्तमा, अहिले हामी सबै कोरोना कहरका बीच अत्यन्तै जटिल परिस्थितिबाट गुज्रिरहेका छौं । यसबाट बच्ने उपाय भनेको मानिस–मानिसबीचको कम्तिमा २ मिटरको दुरी, साबुन पानीले बेलाबेलामा हात धुने र मास्क लगाउने नै हो । यसका साथै हामीले आत्मविश्वास र आत्म संयमता अपनाउन पनि जरुरी छ । संसारका महाशक्ति राष्ट्रहरु पनि कोरोना भाइरसका अगाडी निरीह सावित भैरहेको अवस्थामा हामीले आफ्नो सिमित साधन, श्रोत, ज्ञान सीप र अनुभवबाट निस्तेज पार्ने कार्य गरिरहकेका छौं र यसलाई आगामी दिनमा अझैं प्रभावकारी बनाउने दिशामा हामि अगाढी बढ्ने छौं । डुडुवा गाउँपालिकाको विकासका लागी कोशेढुंगा सावित हुने यस गरिमामय नवौं गाउँ सभामा प्रस्तुत नीति तथा कार्यक्रम र बजेटमा रचनात्मक राय सल्लाह, सुझाव र मार्गदर्शन प्रदान गरी यसलाई सफल र परिणाममूखी बनाउन सबै सदस्यज्यूहरुको आवश्यक सहयोग प्राप्त हुने नै छ भन्ने आशा एवं विश्वास लिएको छु । गाउँपालिकाको आर्थिक, भौतिक तथा सामाजिक विकासमा महत्वपूर्ण

सहयोग पुर्याउनुहुने सरकारी तथा गैर सरकारी संघ संस्थाहरु र गाउँसभाको व्यवस्थित सञ्चालन र व्यवस्थापन गर्ने आ–आफ्नो स्थानबाट प्रत्यक्ष तथा परोक्ष सहयोग पुर्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, शिक्षक, बुद्धिजिवी, नागरिक समाज, सुरक्षाकर्मीहरु, निजी क्षेत्र र पत्राकार तथा सबै सबैलाई हार्दिक धन्यवाद दिँदै उपस्थित सबै महानुभावप्रति पुनः आभार प्रकट गर्दै विदा हुने अनुमति चाहन्छु । धन्यवाद ॥ जय नेपाल ।।। जय डुडुवा

नरेन्द्र कुमार चौधरी
गाउँपालिका, अध्यक्ष
एवं
नवौं गाउँसभा–अध्यक्ष
डुडुवा गाउँपालिका, बनकट्टी–बाँके
असार १०, २०७८